# भरतपुर महानगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

भरतपुर, चितवन, नेपाल

## BHARATPUR METROPOLITAN

**Office of Municipal Executive**

Bharatpur, Chitwan, Nepal

प.सं. ०७४/७५ प्र.शा.
च.नं. ४६६२

मिति : २०७४/११/२५

भरतपुर महानगरपालिका नगर कार्यपालिकाको कार्यालय भरतपुर, चितवन २०७३

श्री वडा कार्यालयहरु सवै,

भरतपुर महानगरपालिका ।

विषय : निर्णयको प्रतिलिपि पठाईएको ।

प्रस्तुत विषयमा यस भरतपुर महानगरपालिका नगरकार्यपालिकाको मिति २०७४/११/२२ गते वसेको वैठकको निर्णय प्रतिलिपि पाना ३ (तीन) यसै पत्रसाथ संलग्न राखी पठाईएको छ ।

वोधार्थ :

श्रीमान् प्रमुखज्यू, भरतपुर महानगरपालिका । जानकारीको लागी ।

श्रीमान् उप-प्रमुखज्यू, भरतपुर महानगरपालिका । जानकारीको लागी ।

श्री सूचना शाखा,

भरतपुर महानगरपालिका । (उक्त निर्णय महानगरपालिकाको Website मा राख्नु हुन)

श्री योजना, आर्थिक प्रशासन, वातावरण, राजस्व शाखा,

भरतपुर महानगरपालिका । (आवश्यक कार्यार्थ)

(रोम बहादुर महत)

शाखा अधिकृत

056-520167, 521467, 530062, 526951, 522252, 525771 Fax: 056-520014
E-mail: bmc@ntc.net.np / Website: bharatpurmun.gov.np
(मन्त्रि परिपद्बाट महानगरपालिका घोषणा मिति फाल्गुन २७, २०७३)

Scanned by CamScanner

निर्णय नं. १

नेपालको मध्यविन्दुमा रहेको महानगरपालिका भएकोले विभिन्न क्षेत्रवाट उपचारका लागि आउन सहज हुने, पूर्व पश्चिम राजमार्ग यहि महानगरपालिका हुदै जाने हुँदा सडक दुर्घटनाका कारण स्पाइनल इन्ज्यूरी सम्वन्धी विरामी वढी आउने भएकोले त्यस्ता विरामीको हितलाई समेत ध्यानमा राखि यस किसिमको पुर्नस्थापना केन्द्र निर्माण गरी उपचार गराउन रोटरी क्लव अफ चितवनले महानगरपालिकाको वडा नं. ३ स्थित हाम्रो घर नामक संस्थाको पूर्वतर्फ एक विगाहा जग्गा माग गरेकोमा उक्त क्लवको लगानीको सुनिश्चितता निर्माण अवधि र संचालन पद्दतिका विस्तृत कार्य योजना सहितको प्रस्ताव माग गरी आगामी वैठकमा छलफल गर्ने निर्णय गरियो ।

निर्णय नं. २

भरतपुर महानगरपालिकाको आ.व. ०७४/०७५ मा नगरस्तरीय, वडास्तरीय लगायतका अन्य विकाश निर्माणका कार्यहरुमा विद्यमान कानूनी व्याख्या, समयावधीको अप्रर्याप्तता र कार्यान्वयन गरिने योजना संख्याको कार्यभारका साथै उपलब्ध प्राविधिक जनशक्तिलाई मध्येनजर गरी भरतपुर महानगरापालिकाको आ.व. ०७४/०७५ मा तपसिल वमोजिम योजना संचालन पद्दति अवलम्वन गर्ने निर्णय गरियो ।

क) उपभोक्ताहरुको लागत सहभागिता सहित १ करोड रुपैया सम्मको २०% भन्दा वढी लागत सहभागिता भएका सडक योजनाहरु उपभोक्त समिति मार्फत संचालन गर्न सहमति प्रदान गर्ने र प्रचलित ऐन नियमको परिधि भित्र रहि कार्य गर्न वडा कार्यालयमा लेखी पठाउने ।

ख) ७०% जनसहभागिता र ३०% स्थानीय तह तथा ५०% जनसहभागिता र ५०% स्थानिय तहको मागेकै वखत स्विकृत योजनाहरु उपभोक्ता समिति मार्फत संचालन गर्ने ।

ग) विकास निर्माणका कार्यहरु छिटो छरितो रुपमा संचालन गर्न भरतपुर महानगरपालिकाका सम्वन्धि कार्यक्षेत्र तोकिएका इन्जिनियर र वडा सचिव तथा उपभोक्ता विच सम्वन्धित वडा कार्यालयमा ल.इ. स्वीकृत र सम्झौता गर्ने निर्णय गरियो ।

घ) वडा वजेटवाट सडकमा राख्ने ग्राभेलमा हाललाई लागत सहभागिता रकम उठाउन कठिनाई हुने भनि सवै सदस्यले राय दिएकाले लागत सहभागिता वापतको रकम नउठाउने तर स्थानीयस्तरमा आवश्यक समन्वय गर्ने, सहजीकरण गर्ने र अन्य सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

विविध निर्णय :

निर्णय नं. १

United Nations Conference Centre, Bangkok बाट प्राप्त इमेल अनुसार मिति २०१८ मार्च १९ देखि २० सम्म बैंककमा सन्चालन हुने "Regional Workshop on Enhancing Urban Resouse Efficiency and Circular Economy in Asia and the Pacific" कार्यकममा सहभागि हुनको लागि निमन्त्रणा प्राप्त भएकोले महनगरपालिकालाई कुनै आर्थिक दायित्व नपर्ने गरि प्रमुख श्री रेनु दाहालज्यूलाई मनोनयन गर्ने निर्णय गरियो ।

Scanned by CamScanner

निर्णय नं.२

मिति मार्च (March) २०-२३, २०१८ सम्म कोरिया Jeju सहरमा हुने Sustainable Tourism and Forest Management सम्बन्धी कार्यशाला गोष्टीमा भाग लिन भरतपुर महानगरापलिकाका उप-प्रमुख श्री पार्वती शाह ठकुरीलाई महानगरपालिकालाई आर्थिक भार नपर्ने गरी मनोनयन गरिएकोमा सोको अनुमोदन गरियो ।

निर्णय नं.३

नगर कार्यपालिकाको मिति २०७४/१०/११ गतेको वैठकवाट गठन भएको राजश्व परिचालन समितिको निर्णय अनुसार गठन भएका ७ (सात) वटा कार्यदललाई देहाय वमोजिम वैठक भत्ता, खाजा खर्च र यातायात खर्च अनुमोदन गर्ने ।

क. वैठक भत्ता वापत रु. १,०००।- प्रति वैठक (वढीमा एउटा वडामा एउटा वैठक राख्ने) उपलव्ध गराउने ।

ख. कार्यस्थलमा गएको दिनको रु.३००।- खाजा खर्च वापत रकम उपलव्ध गराउने ।

ग. कार्यस्थलमा जादा यातायात खर्च वापत रु. १००।- प्रतिदिन उपलव्ध गराउने । तर महानगरपालिकाको सवारी साधन उपयोग भएको अवस्थामा उक्त खर्च नपाउने ।

निर्णय नं.४

नारायणी नदी किनारलाई व्यवस्थापन गर्न मिति २०७४/११/१५ गते वसेको वैठकले गरेको निर्णय वमोजिमको समिति अनुमोदन गर्ने र उक्त समितिमा वडा नं. ४ का वडा अध्यक्ष श्री हरि प्रसाद आचार्यलाई समेत समावेश गर्ने निर्णय गरियो ।

निर्णय नं.५

भरतपुर महानगरपालिकाको पुल्चोक देखि गोद्राङ्ग सम्मको सडक र फूटपाथ पसल व्यवस्थापन गर्न महानगरपालिकाका प्रमुखज्यूको अध्यक्षतामा मिति २०७४/११/१६ गते वसेको वैठकको निर्णय अनुसार गठीत अध्ययन कार्यदललाई अनुमोदन गर्ने र उक्त कार्यदलमा वडा नं. ९ का वडा अध्यक्ष श्री यमलाल कडेल र वडा नं. १२ का वडा अध्यक्ष श्री नरेन्द्र कुमार कनदङवालाई समावेश गर्ने निर्णय गरियो ।

निर्णय नं. ६

महानगरपालिकाको मिति २०७४/११/१० गतेको निर्णय अनुसार कर्मचारी छनौट तथा अनुगमन समिति सम्वन्धमा गठन भएको देहायको समिति अनुमोदन गर्ने निर्णय गरियो ।

संयोजक - प्रमुख प्रशासकीय अधिकृत श्री प्रेमराज जोशी

सदस्य - वरिष्ठ इन्जिनियर श्री भरत कुमार आचार्य

सदस्य - सचिव शाखा अधिकृत श्री रोम वहादुर महत

साथै उक्त समितिमा वडा नं. ५ का वडा अध्यक्ष श्री पदमपाणी सुवेदी, वडा नं. २१ का वडा अध्यक्ष श्री चित्रसेन अधिकारी र वडा नं. २५ का वडा अध्यक्ष श्री विजय कुमार भुजेललाई समावेश गर्ने निर्णय गरियो ।

Scanned by CamScanner

निर्णय नं. ७

महानगरपालिकालाई आइपर्ने कानूनी जटीलता निराकरण गर्नका लागि कानूनी सल्लाहकारको आवश्यकता पर्ने हुँदा कानूनी सल्लाहकारको नियूक्ति गर्ने र निजलाई वैठकमा उपस्थित भए वापत वैठक भत्ता मात्र उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. ८

भरतपुर महानगरपालिकाको मिति २०७४ साल श्रावण १ गते देखि फाल्गुण २१ गते सम्मको जम्मा आम्दानी रु १५,५१,५५,२६५।२५ भएको र खर्च शिर्षकमा चालु तफ रु.४७,२९,८१,९९१।१०, पुजिगत तर्फ रु. २३,९६,३७,९१६।१२, शिक्षा तर्फ रु.३९,५८,९०,१४९।५८ र स्वास्थ्य तर्फ रु. ३,५४,२३,३१९।४१ गरि जम्मा रु. १,१४,३९,३३,३७६।२१ खर्च भएको जानकारी भई अनुमोदन गरियो

Scanned by CamScanner